# अस्थायी आवास अनुदान सम्बन्धी जिज्ञासा



### १. अस्थायी आवास लाभग्राही कसरी कायम हुन्छ?

- आवास पूर्ण वा आंशिक रुपले क्षति भएता पनि बसोबास गर्न योग्य नभएको हुनुपर्नेछ ।
- स्वघोषणा सहितको निवेदन र वडाको सिफारिसका आधारमा स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले लाभग्राही कायम गरेको हुनुपर्नेछ ।



### २. अस्थायी आवास लाभग्राही कायम हुनका लागि वडामा निवेदन सँगै बुझाउनु पर्ने कागजातहरु के-के हुन्?

- पूर्ण वा आंशिक रुपले क्षति भएता पनि बसोबास गर्न योग्य नरहेको संरचनाको फोटो
- प्रहरीको मुचुल्का (प्रत्येक घरधुरीको मुचुल्का नभएको अवस्थामा सामूहिक मुचुल्का पनि मान्य हुने)
- परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा मतदाता परिचयपत्र वा वडाको सिफारिस)
- बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण वा चेकको प्रतिलिपि
- घरमूली उपस्थित नभएको अवस्थामा, मञ्जुरीनामा सहितको निवेदन




### ३. के अनुदान किस्ताका लागि लाभग्राहीको बैंक खाता हुन आवश्यक छ?

- पहिलो किस्ताका लागि बैंक खाता भए बैंक खातामा र बैंक खाता नभएका लाभग्राहीको हकमा नगदै रकम उपलब्ध हुनेछ ।
- तर दोश्रो किस्ताका लागि बैंक खाता अनिवार्य छ ।



### ४. अस्थायी आवास निर्माणका लागि प्रत्येक लाभग्राहीले कति अनुदान रकम पाउनेछन्?

- सम्झौता पश्चात पहिलो किस्ता रकम रु. २५,०००/-
- अन्तिम किस्ता रकम रु. २५,०००/-
- यसरी दुई किस्तामा गरी जम्मा रु. ५०,०००/- पाउनेछन् ।



### ५. अस्थायी आवसका लागि आफैंले टहरा निर्माण गर्दा अनुदान रकम पाइन्छ वा पाईंदैन?

- पाइन्छ तर कार्यविधि अनुसार सबै प्रक्रिया पूरा गरी लाभग्राही कायम हुनुपर्छ ।

### ६. लाभग्राहीले अस्थायी आवास निर्माण गर्दा स्थानीय स्रोत साधनहरु प्रयोग गर्न पाउनेछन् वा छैनन्?

- पाउनेछन् र सकेसम्म स्थानीय सामग्रीहरुकै प्रयोगमा जोड दिनुपर्नेछ ।

### ७. कुनै संघसंस्था वा अन्य निकायको आर्थिक सहयोगले अस्थायी आवास निर्माण गरिदिएको खण्डमा अनुदान रकम पाइन्छ वा पाईंदैन?

- पाईंदैन । तर, लाभग्राहीले आफ्नै लागतमा निर्माण गरेको र कार्यविधि अनुसार सबै प्रक्रिया पूरा गरी लाभग्राही कायम भएको खण्डमा भने अनुदान रकम पाइनेछ र यस प्रक्रियामा श्रमदान गर्न वा गरेको भएमा बाधा पर्ने छैन ।



### ८. के भूकम्पअघि एउटै आवासमा बस्दै आएका तर अलगिएका परिवारले छुट्टाछुट्टै अस्थायी आवासका लागि अनुदान पाउन सक्छन्?

- सक्दैनन् । भूकम्प गएका बखत एउटै आवासमा बसोबास गरिआएका जतिसुकै परिवार भएता पनि ती सबैलाई एउटै परिवार मानी एउटा मात्र अस्थायी आवास लाभग्राही कायम गरिनेछ ।



### ९. अनुदान रकम पाउनका लागि लाभग्राहीले जोखिमयुक्त घर भत्काउनु पर्छ या पर्दैन?

- पराकम्पहरु आइ रहेका हुन्छन । यस्तोबेला फेरि पनि जोखिमयूक्त घरहरुमा बसिरहनु उचित हो र? दफा ११ को उपदफा (५) मा स्थानीय तहको विशेष भूमिकामा "लाभग्राहीका भूकम्पबाट चर्के, भत्केका जोखिमयुक्त भवन भत्काउन लगाउने" स्पष्ट व्यवस्था गरिएको छ ।




### १०. अस्थायी आवास अनुदान रकम लिएर आवास निर्माण नगर्ने लाभग्राहीलाई के हुन्छ?

- अनुदान रकम लिएर निर्माण सम्पन्न नगर्ने लाभग्राही र निजका परिवारलाई नेपाल सरकारबाट उपलब्ध गराइने पुनर्निर्माण तथा अन्य सेवा सुविधाबाट बञ्चित गराइनेछ साथै अनुदान बापत लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

विषेश नोटः भूकम्पका लाभग्राहीको एक वा सो भन्दा धेरै जति घर क्षति भएता पनि सो लाभग्राहीले एक मात्र अस्थायी आवास बनाउनका लागि अनुदान रकम पाउनेछन् ।

## अस्थायी आवास निर्माण स्थलको छनौट र परीक्षण



निर्माणका लागि उपयुक्त नहुने स्थान यस प्रकार छन्:

- पानी जम्ने स्थान
- ढुङ्गा खस्ने स्थान
- पहिरो जान सक्ने स्थान
- माटो भरेको वा पुरुवा माटो भएको स्थान
- नदीको बगर वा सीमसार स्थान
- स्थायी, सक्रिय तथा गहिरो भौगर्भिक चिरा भएको स्थान
- भिरालो स्थान (अधिकम २० डिग्री भिरालो सम्ममा मात्र निर्माण गर्नु पर्छ)

निर्माण स्थलको निरीक्षण गर्दा कम्तिमा २ वटा २ मिटरसम्म गहिरो खाल्डो खनी परीक्षण गर्ने ।

पहाडी क्षेत्रमा चट्टान भएको सतह भेटिएमा गहिराई कम लिन सकिन्छ ।

प्राविधिक सहयोगः राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP)


थप जानकारीका लागिः
ध्रुव बहादुर खड्का
उप-सचिव/प्रवक्ता र सुचना अधिकारी
सम्पर्क : ९८५१३२०२६९/९८४११९०२५४



नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं